# मुगुम कार्मारोङ गाउँपालिकाको फार्मेसी सेवा संञ्चालन निर्देशिका, २०७८

# मुगुम कार्मारोङ गाउँपालिकाको कार्यालय, पुलु, मुगु

# मुगुम कार्मारोङ गाउँपालिकाको फार्मेसी सेवा संञ्चालन निर्देशिका, २०७८

प्रस्तावना : मुगुम कार्मारोङ

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सर्बव्यापी पहूँच र गुणस्तरीय स्वास्थ्य सेवामा बृद्दि गर्न फार्मेसी बिषयका जनशक्तिहरुबाट यस गाउँपालिकाले समुदाय स्तरका सबै स्वास्थ्य संस्थाहरुबाट आफ्नै फार्मेसी संञ्चालन गरी बिरामी एंव सेवाग्राहीहरुलाई सुलभ र गुणस्तरीय सेवा पुऱ्याउन यस गाउँपालिकाको स्वास्थ्य १४ रहेको र सुशासन व्यवस्थापन तथा संञ्चालन ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार अंग्रीकृत गर्दै यस गाउँपालिकाले यो निर्देशिका बनाएको हो ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस निर्देशिकाको नाम मुगुम कार्मारोङ गाउँपालिकाको फार्मेसी सेवा संञ्चालन निर्देशिका, २०७८ रहने छ ।

२) यो निर्देशिका यस गाउँपालिकाको कार्यापालिकाले स्वीकृत गरेको मितिबाट लागुहुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रशङ्गले अको अर्थ नलागेमा,

१) मन्त्रालय भन्नाले संघिय स्वास्थ्य मन्त्रालयलाई सम्झनुपर्दछ ।

२) अस्पताल भन्नाले यस गाउँपालिकाले संञ्चालन गरेको अस्पताल र स्वास्थ्य संस्था भन्ने सम्झनुपर्दछ ।

३) फार्मेसी सेवा भन्नाले अस्पतालहरुमा संञ्चालनमा रहेका र संञ्चालन गरीने औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीबाट दिईने सेवालाई सम्झनुपर्दछ ।

४) स्वास्थ्य समिति भन्नाले दफा ३ अन्तर्गतको समिति सम्झनुपर्दछ ।

५) अस्पताल फर्मुलरी भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजन्य पदार्थ वा सामाग्रीहरुको बिवरण पुस्तिका सम्झनुपर्दछ ।

**३. १) फार्मेसी संञ्चालन समिति** : यस गाउँपालिकामा फार्मेसी संञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिका स्तरमा यस गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ मा गठित स्वास्थ्य समिति नै यस समितिको जिम्मेवार रहने छ ।

२) **स्वास्थ्य संस्थामा तथा अस्पताल फार्मेसी संञ्चालन समिति** : यस गाउँपालिकामा फार्मेसी संञ्चालन तथा व्यवस्थापन गर्न अस्पतालमा अस्पताल व्यवस्थापन समिति र स्वास्थ्य संस्थामा स्थानिय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति नै यस समितिको जिम्मेवार रहने छ ।

३) **अस्पताल फार्मेसी संञ्चालन व्यवस्थापन समिति :** अस्पताल फार्मेसी व्यवस्थित रुपमा संञ्चालन गर्न र गराउन अस्पताल व्यवस्थापन समितिले गर्नेछ ।

| | |
|---|---|
| क. अस्पताल फार्मेसी प्रमुख | संयोजक |
| ख. आर्थिक प्रशासन प्रमुख वा निजको प्रतिनिधि | सदस्य |
| ग. खरिद शाखाका प्रमुख वा निजको प्रतिनिधि | सदस्य |
| घ. अस्पताल फार्मेसी प्रमुखले तोकेको कर्मचारी | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितीका अन्य काम, कर्तव्य र अधिकार अस्पताल फार्मेसी तथा थेराप्युटिक समितीले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमाृजिमको समितीको बैठक सञ्चालन सम्बन्धी कार्यविधि अस्पताल फार्मेसी सञ्चालन समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकारः** फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितीका निर्णयहरु कार्यान्वयन गर्ने गराउने।

(ख) समितीको बैठकका लागी प्रस्ताव तयार गरी पेश गर्ने ।

(ग) अस्पतालका प्रयोग गर्ने औषधीको सूची तयार गर्ने गराउने।

(घ) क्लिनिकल फार्मेसी सेवा प्रदान गर्न आवश्यक मिलाउने।

(ङ) मातहतका कर्मचारीको सुपेरिवेक्षण गर्ने ।

(च) नियमित मौज्दात तथा म्याद गुज्रने मिती नजिक भएका औषधीहरुको रुजुगरी विक्रि व्यवस्थापन गर्ने गराउने ।

(छ) समितीले तोकेका अन्य कार्यहरु गर्ने।

५) **औषधि तथा औषधिजन्य सामाग्री र पदार्थको खरिद प्रकृया** : औषधि तथा औषधिजन्य सामाग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रकृया अवलम्ब गरी गर्नुपर्नेछ ।

६) **औषधि र औषधिजन्य पदार्थको बिक्री मुल्य :** औषधि र औषधिजन्य पदार्थको बिक्री मुल्य निर्धारण गर्दा यसको खरिद मुल्यमा बीस प्रतिशतमा नबढाई निर्धारण गरिनेछ ।

तर, यसरी बिक्री मुल्य निर्धारण गर्दा अधिकतम खुद्रा मुल्य (Maximum Retail Price, MRP) भन्दा बढी हुनुहुदैन ।

७) **औषधि स्टोर तथा व्यवस्थापन** : १) फार्मेसी संञ्चालनका लागि औषधि बिक्री वितरण संहिता, २०७१ पलना गरी आवश्यक औषधि वितरण कक्ष र भण्डारणको लागि पर्याप्त ठाँउको व्यवस्था गर्नुपर्नेछ ।

२) औषधि वितरण कक्ष ओस नलाग्ने, सुर्यको प्रत्यक्ष प्रकाश नपर्ने र पर्याप्त भेन्टिलेटर भएको र औषधि/औषधिजन्य पदार्थको लेवलमा तोकिएको संञ्चय तापक्रम अनुकुल भण्डारण गर्नुपर्नेछ ।

३) फार्मेसी संञ्चालन गर्ने ठाँउ सर्व साधारणले सजिलै देख्ने हुनुपर्दछ र सम्भव भएसम्म अस्पतालको अगाडीको भागमा हुनुपर्दछ । आवश्यकता अनुसार अस्पतालमा एकभन्दा बढी फार्मेसी संञ्चालन गर्न सकिनेछ ।

४) बिरामीलाई परामर्श दिने उपयुक्त व्यवस्था सहितको ठाँउ हुनुपर्नेछ ।

५) बिक्री वितरणका लागि अनुपयुक्त वा फर्काउनु पर्ने वा म्याद गुज्रेका वा नस्ट गर्नुपर्ने औषधि तथा औषधिजन्य सामाग्री, असम्बन्धित व्यक्तिको पहुँच नहुने गरी सुरक्षित राख्ने छुट्टै भण्डारणको व्यवस्था मिलाउनुपर्नेछ ।

६) औषधिको पूर्जा लिने, डिस्पेन्स गर्ने र भुक्तानी लिने व्यक्ति र ठाँउको उपयुक्त व्यवस्था हुनुपर्नेछ ।

७) नेपाल सरकारबाट प्रदान गर्ने निःशुल्क औषधिहरु र औषधिजन्य सामाग्रीहरुको सूचि सबैले देख्न सक्ने गरी राख्नुपर्नेछ ।

८) अस्पताल फार्मेसी संञ्चालनका अन्य पक्ष, औषधी बिक्री वितरण संहिता, २०७१ र स्वास्थ्य संस्था स्थापना, संञ्चालन र स्तरोन्नती सम्बन्धि मापदण्ड निर्देशिका, २०७० बमोजिम हुनेछ ।

९) औषधि तथा औषधीजन्य सामाग्रीको मौज्दात तथा खपत अभिलेख, विजकिकरण, औषधिको सुचना, लेवल औषधि सम्बन्धि समस्याहरुको जानकारी आदि संकलन भएको उपयुक्त सफ्टवेयर सहितको कम्प्युटरको माध्यमबाट गर्नुपर्नेछ ।

१०) अस्पतालहरुबाट निःशुल्क प्रदान गर्ने औषधिहरु र सो बाहेकका औषधिहरु स्पष्ट छुट्टिने गरी फार्मेसीमा राख्नुपर्दछ ।

११) अस्पताल परिसरमा औषधिको व्यापारीक प्रवर्द्धन सम्बन्धि कुनैपनि क्रियाकलाप गर्न पाईनेछैन ।

८) **बिउ रकम (Seed Money) उपलब्ध गराउने** : १) गाउँपालिका वा अन्य संघ संस्था वा निजी श्रोतले अस्पताल फार्मेसी संञ्चालनका लागि बिउ रकम उपलब्ध गराउन सक्नेछ ।

२) गाउँपालिकाले उपलब्ध गराएको रकम आवश्यक देखेमा उपदफा (१) बमोजिमको रकम अनुदानको रुपमा परिणत गर्न सक्नेछ ।

३) उपदफा (१) मा अन्य संघ संस्था वा निजी श्रोतले अस्पताल फार्मेसी संञ्चालनका लागि बिउ रकम ऋण वा अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछन् ।

९) **निःशुल्क बितरण गरिने औषधि सम्बन्धमा** : १) नेपाल सरकारबाट निःशुल्क बितरण गर्ने भनी तोकिएको औषधि अस्पताल फार्मेसीले निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

२) निःशुल्क बितरणका लागि तोकिएका औषधि र औषधिजन्य सामाग्री तथा पदार्थको आवश्यता अनुसार गाउँपालिकाबाट प्रदान गर्ने अनुदान रकम वा औषधि खरिदका लागि प्राप्त रकमबाट खरिद गर्नुपर्नेछ । संघ वा प्रदेशको अनुदानबाट खरिद गर्ने औषधि वा औषधिजन्य पदार्थ प्रकृया मार्फत संघ, प्रदेश र स्वास्थ्य सेवा कार्यालयबाट प्राप्त औषधि निःशुल्क बितरण गर्नुपर्नेछ ।

३) अस्पतालहरुले सःशुल्क औषधिहरुको हकमा पनि राज्यले तोकिएको व्यक्ति, समुदायलाई केहि प्रतिशत रकम छुट दिनुपर्नेछ ।

१०) **निःशुल्क प्राप्त औषधिको बिवरण** : १) सबै अस्पतालहरुले कुनै पनि श्रोतबाट निःशुल्क रुपमा प्राप्त भएका वा कुनै कम्पनीबाट बोनस स्वरुप प्राप्त भएका औषधि र औषधिजन्य सामाग्रीहरु निःशुल्क रुपमा प्रदान गर्नुपर्नेछ ।

२) औषधि तथा औषधिजन्य सामाग्रीहरु निःशुल्क प्राप्त गर्दा अस्पताल फर्मुलरीमा सूचिकृत औषधिहरुमा आधारित भई औषधिहरु दान वा उपहार प्राप्त गर्न सकिनेछ । यसका अतिरिक्त औषधि व्यवस्था विभागले तोकेको वा विश्व स्वास्थ्य संगठनको औषधि दान वा उपहार प्राप्त गर्ने सम्बन्धि निर्धारित मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

**११) अस्पताल फार्मेसीको लागी जनशक्तिः**

(१) अस्पताल फार्मेसी सञ्चालनका लागी स्थायी जनशक्तिको व्यवस्था गर्नुपर्नेछ।

(२) उपलफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थायी जनशक्ति उपलब्ध नहुञ्जेल सम्मका लागी वैकल्पिक  वा गाउपालिकाको करार जनशक्ति भर्ना सम्बन्धि कार्यविधि पहिलो संसोधन २०७८ को व्यवस्थाबाट फार्मेसी जनशक्ति व्यवस्था गरिने छ।

(३) फार्मेसी सञ्चालनका लागी कम्तीमा देहाय बमोजिमको जनशक्ति रहनेछ।

| क्र. | अस्पताल स्वास्थ्य संस्था | क्लिनिकल फर्मासिष्ट | फर्मासिष्ट | फार्मेसी सहायक | सहयोगी |
|---|---|---|---|---|---|
| १ | १०० शैया भन्दा माथिका अस्पताल | १ | ३ | ६ | २ |
| २ | ५१ देखि १०० शैया सम्मका अस्पताल | १ | २ | ४ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २६ देखि ५० शैया सम्मका अस्पताल | - | १ | २ | १ |
| ४ | १५ देखि २५ शैया सम्मका अस्पताल | - | - | २ | १ |
| ५ | १० देखि १५ शैया सम्मका अस्पताल | - | - | १ | १ |

स्पष्टिकरण यस दफाको प्रयोगनको लागी क्लिनिकल फर्मासिष्ट भन्नाले क्लिनिकल फार्मेसी वा फर्मासिउटिकल केयरमा स्नातकोत्तर वा फार्मेसीपछीको फार्म डी गरेकोलाई सम्झनुपर्दछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पताल फार्मेसीले अस्पतालको शैया, कार्यबोझ र दैनिक कारोवारका आधारमा जनशक्तिका थपघट गर्न सक्नेछ।

तर, यसरी दरबन्दी थप गर्दा प्रति दश हजार रुपैया प्रतिदिनको कारोबारमा एकजनाभन्दा बढी थप गर्न सकिने छैन। मासिक कारोबार घटेको अवस्थामा थप दरबन्दी स्वत खारेज हुनेछ ।

१२) **आर्थिक व्यवस्थापनः**

१) औषधि व्यवस्थापनको लागि छुट्टै बैक खाता हुनेछ ।

२) उपदफा (१) बमोजिमको खाताको संञ्चालन पालिका स्तरीय स्वास्थ्य समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति र सदस्य सचिवको संयुक्त दस्तखतमा संञ्चालन हुनेछ ।

३) उपदफा (१) बमोजिमको खातामा देहायका रकमहरु जम्मा हुनेछन् :

- संघिय तहबाट प्राप्त रकम
- गाउँपालिकाबाट प्राप्त रकम
- दैनिक बिक्रीबाट प्राप्त रकम
- स्थानिय व्यक्ति, संध संस्था वा अन्य दात्तृ निकायबाट प्राप्त रकम

४) गाउँपालिका स्तरीय स्वास्थ्य समितिको सिफारिश र समितिको निर्णय बिना उपदफा (१) बमोजिमको खातामा रहेको रकम अन्य प्रयोजनमा खर्च गरिनेछैन ।

५) प्रत्येक दिनको कारोबार रकम सोही दिन अथवा भोलीपल्टको मध्यान्ह सम्ममा (शुक्रवारको हकमा आइतवार मध्यान्ह सम्ममा) बैंक दाखिला गरिसक्नुपर्नेछ ।

६) अस्पतालको फार्मेसीमा करारको कर्मचारीको तलबभत्ता लगाएत खर्च उपदफा (१) बमोजिमको खाताबाट व्यहोर्न सकिनेछ ।

७) औषधि बिक्रीको कुल रकमबाट फाईदाको १० प्रतिशत रकम मासिक रुपमा अस्पतालको मुल खातामा जम्मा गरी सो रकमबाट फार्मेसी संञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।

**१३) आयव्ययको हिसाव :**

१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र सम्पूर्ण आयव्ययको हिसाब किताव गरिनेछ ।

२) आयव्ययको हिसाब राख्दा नाफाको भएको रकमको ९० प्रतिशत रकम स्वास्थ्यको कार्यक्रममा खर्च गरिनेछ ।

३) गाउँपालिकाबाट तोकिए बमोजिमको आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आन्तरिक लेखा परिक्षण र सार्बजनिक सुनुवाई गर्नुपर्नेछ ।

४) प्रत्येक आर्थिक वर्षको अन्त्यमा खरिद गरिएको औषधि अद्यावधिक परिमाण, बिक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परिक्षण (Trial Balance) तयार गर्नुपर्नेछ ।

**१४) <u>ब्राण्ड तोकि सिफारिश गर्न नहुने</u> :** विशेष औचित्य भएमा बाहेक बिरामीलाई खास ब्राण्ड तोकि सिफारिश गर्न हुदैन र सो को कार्यलाई निरुत्साहित गरिनेछ । यदि सो किसिमको क्रियाकलाप गर्ने र गराउनेलाई प्रचलित कानुन बमोजिम कारवाहि गरिनेछ ।

**१५) <u>अनुगमन तथा मुल्याङ्कन</u> :** अस्पतालको फार्मेसी संञ्चालनको अवस्था एंव उक्त सेवालाई प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि गाउँपालिका, जिल्ला, प्रदेश वा संघबाट अनुगमन तथा मुल्याङ्कन गरी सो को प्रतिवेदन वा सल्लाह सुझाब दिने गर्न सक्नेछ ।

**१६) <u>अस्पताल फर्मुलरी सम्बन्धि व्यवस्था</u> :** अस्पतालले अस्पताल फर्मुलरीमा देहाय बमोजिमको व्यवस्था मिलाउनुपर्ने छ ।

१) रोगीहरुको रोगको प्रकृति अनुसार अस्पतालको लागी आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामाग्री तथा पदार्थहरु र औषधिको डोजेज फर्मको सूचि अस्पताल फर्मुलरी अद्यावधिक गरिराख्नुपर्नेछ ।

२) अस्पताल फर्मुलरीमा न्यूनतम जानकारीका रुपमा औषधिको सूची, औषधीको मात्रा, वनावट र क्षमता (Dosage Form and Strength) साथै सञ्चय सम्बन्धि निर्देशन हुनुपर्दछ । थप जानकारीको रुपमा औषधीको प्रयोग गर्न सकिने वा नसकिने अवस्था (Indication or Contraindications) औषधीको नकरात्मक प्रभाव, औषधी सेवन गर्दा अपनाउनुपर्ने सावधानी, औषधीको तुलनात्मक मुल्य आदी समावेश गर्नुपर्नेछ ।

३) अस्पताल फर्मुलरी तयार नभए सम्म औषधी तथा औषधीजन्य सामाग्री र पदार्थको सुची तयार गरी कार्य गर्नुपर्नेछ ।

४) अस्पताल फर्मुलरीमा अत्यावश्यक औषधीको राष्ट्रिय सुचीमा समाबेश भएका औषधीहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

**१७) निजी अस्पताल सम्बन्धि बिशेष व्यवस्था :** १) गाउँपालिकाको स्वीकृत प्राप्त गरी संञ्चालनमा रहेका अस्पताल, निजी क्लिनिक तथा गैरसरकारी क्षेत्रका अस्पतालहरुले पनि अनिवार्य रुपमा यस निर्देशिका बमोजिम आफ्नै फार्मेसी सेवा संञ्चालन गर्नुपर्नेछ र गाउँपलिकामा त्रैमासिक रुपमा औषधीको खपत र निर्यात सहित प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको अस्पतालको हकमा बिरामीहरुलाई प्रचलित मापदण्डका आधारमा अस्पतालमा आउने कुल बिरामी संख्याको १० प्रतिशत अति गरिब र असहाय बिरामीलाई निःशुल्क औषधी सहितको उपचार उपलब्ध गराउनुपर्नेछ ।

**१८) फार्मेसी संञ्चालन सम्बन्धि सफ्टवेयर :** गाउँपालिकाले फार्मेसी संञ्चालन गर्दा सफ्टवेयरमा एण्टीमाइक्रोवियल एंव लागु औषधिको विवेकपूर्ण प्रयोग र अभिलेखीकरण समेत सुनिश्चित गरिनेछ ।

**१९) निर्देशन दिन सक्ने :** यस निर्देशिकामा उल्लेख गरिएका बाहेकका सबै अस्पतालहरुलाई गाउँपालिकाले समय सापेक्ष फार्मेसी संञ्चालन सम्बन्धि बिषयमा आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशन पालन गर्नु सम्बन्धित अस्पतालको कर्तव्य हुनेछ ।

**२०) प्रचलित कानुन बमोजिम हुने :** यय निर्देशिकामा उल्लेख भएका बिषयहरु यसै निर्देशिका बमोजिम र उल्लेख नभएका बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**२१) खारेजी र बचाउ :** यस निर्देशिकालाई परीमार्जीत नगरुर्ने जेल सम्मलाई, हुने गरेको कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ र नयाँ निर्देशिका कार्यान्वयन आएपछि यो निर्देशिका स्वतः खारेज हुनेछ ।

## निर्देशिका निर्माणमा संलग्न व्यक्तिहरु

श्री बलि बहादुर बुढा, जनस्वास्थ्य निरिक्षक, मुगुम कार्मारोङ गाउपालिका, स्वास्थ्य शाखा

श्री बिरेन्द्र बहादुर बुढा, स्वास्थ्य शाखा ईस्टोर किपर, मुगुम कार्मारोङ गाउपालिका,

श्री प्रकाश चन्द्र भट्ट, स्वास्थ्य प्रणाली सुदृढीकरण प्रविधिक अधिकृत, स्वास्थ्यका लागि सक्षम प्रणाली

श्री ऐन बहादुर सावत, स्वास्थ्य प्रणाली अधिकृत, स्वास्थ्यका लागि सक्षम प्रणाली

श्री ईश्वर मल्ल, स्वास्थ्य सुचना प्रणाली प्रविधिक अधिकृत, स्वास्थ्यका लागि सक्षम प्रणाली

श्री अविनाश उपध्याय, स्वास्थ्य विपद निगरानी प्रविधिक अधिकृत, स्वास्थ्यका लागि सक्षम प्रणाली

## निर्देशिका पुनरावलोकन तथा सल्लाहकार

श्री भबिन्द्र कार्की, मेडिकल अधिकृत, मुगुम कार्मारोङ गाउपालिका, सामुदायिक अस्पताल